आज मिति २०८३ साल जेठ २ गते शुक्रबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८२/०८३ को बाह्रौं बैठक नगर प्रमुख श्री आनन्दराज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

<u>उपस्थितिः</u>

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)
२. श्री उमा गोतामे (उप प्रमुख)
३. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)
४. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)
५. श्री तुल कुमार गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)
६. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)
७. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)
८. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)
९. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)
१०. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)
११. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)
१२. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)
१३. श्री अजय थापा (का.वा. वडाध्यक्ष ११ नं.वडा)
१४. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)
१५. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)
१६. श्री विन्दा रानाभाट (का.पा. सदस्य)
१७. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)
१८. श्री प्रविना थापा मगर (का.पा. सदस्य
१९. श्री रविन भुजेल (का.पा. सदस्य)
२०. श्री राजु सुर्खाली (का.पा. सदस्य)
२१. श्री सावित्री सुनार (का.पा. सदस्य)
२२. श्री सकिना खातुन (का.पा. सदस्य)
२३. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)
२४. श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत (सदस्य-सचिव)

<u>अन्य उपस्थितिः</u>

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)
२६. श्री अमृता बस्नेत (सहायक प्रशासकीय अधिकृत)
२७. श्री अमित लामा (३ नं. वडा सदस्य)
२८. श्री तोला घलेल
(का.वा. अध्यक्ष, वडा नं. ४ २

अन्य उपस्थितिः

| क्र.सं. | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| २५. | वरिष्ठ प्रशासकीय अधिकृत | श्री सुनिल पाण्डे | |
| २६. | वरिष्ठ लेखा अधिकृत | श्री नवराज लौडारी | |
| २७. | जन स्वास्थ्य अधिकृत | श्री ऐश्वर्य चन्द्र भट्टराई | |
| २८. | ईन्जिनियर | श्री विपिन श्रेष्ठ | |
| २९. | शिक्षा अधिकृत | श्री सरस्वती गुरुङ्ग ढकाल | |
| ३०. | प्रशासकीय अँधिकृत | श्री कृपाहरि लौडारी | |
| ३१. | सूचना प्रविधि अधिकृत | श्री राजिव घिमिरे | |
| ३२. | न्यायिक सहजकर्ता | श्री भूमिका श्रेष्ठ | |
| ३३. | | | |
| ३४. | | | |
| ३५. | जन स्वस्थ्य निरिक्षक | श्री सुभाष रेग्मी | |
| ३६. | सहायक प्रशासकीय अधिकृत | श्री अमृता बस्नेत | |
| ३७. | सिनियर सब ईन्जिनियर | श्री सुशिल पण्डित | |
| ३८. | | | |
| ३९. | | | |
| ४०. | | | |
| ४१. | ३ नं. वडा सदस्य | श्री अमित लामा | |
| ४२. | भणडारी वरिष्ठ प्रशासन सहायक | श्री होम बहादुर | |
| ४३. | वरिष्ठ लेखा सहायक | श्री समिर बोहरा | |
| ४४. | कृषि प्राविधिक | श्री तिलक कट्टेल | |
| ४५. | वरिष्ठ प्रशासन सहायक | श्री नारद अधिकारी | |
| ४६. | एम आइ एस अपरेटर | श्री सुमन श्रेष्ठ | |
| ४७. | नायब पशु सेवा प्राविधिक | श्री अमित ढुङ्गाना | |
| ४८. | अभिन | श्री सुभाष लौडारी | |
| ४९. | अमिन | श्री प्रदिप रानाभाट | |
| ५०. | अमिन | श्री सुमोद वाग्ले | |
| ५१. | | | |
| ५२. | | | |
| ५३. | | | |
| ५४. | | | |
| ५५. | | | |

## भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०२/०१ गते बसेको आ.व.२०८२/०८३ बाह्रौं बैठक

**प्रस्ताव/एजेण्डाहरुः-**

१. आ.व.२०८२/०८३ को नगरकार्यपालिकाको एघारौं बैठकको समीक्षा सम्बन्धमा ।
२. नगरसभाको तयारी एवं सञ्चालन सम्बन्धमा।
३. विषयगत समितिको बैठक सम्बन्धमा ।
४. पूर्ण खोप घोषणा सम्बन्धमा ।
५. रोजगार संयोजक पदको पदपूर्ति समिति सम्बन्धमा ।
६. भूमि प्रशासन र नापी कार्यालयको काम गर्नको निम्ति उपकरण खरिद सम्बन्धमा ।
७. विपद् व्यवस्थापन सम्बन्धमा ।
८. दुधमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्बन्धमा ।
९. कृषि सञ्जाल कार्यान्वयन कार्यविधि, २०८१ परिमार्जन सम्बन्धमा ।
१०. दुधमा अनुदान प्रति लिटर ५ रुपयाँ सम्बन्धमा ।
११. विविध विषय सम्बन्धमा ।

**निर्णय नं.१** भानु नगरकार्यपालिकाको आ.व. २०८२/०८३ को एघारौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२** भानु नगरपालिकाको अठारौ नगर सभाको मिति, समय र स्थान आगामी कार्यपालिका बैठकमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ३** भानु नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, लेखा समिति, लगायतका विषयगत समितिले आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि नीति तथा कार्यक्रम र आयोजनाको प्राथमिकता तोकि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** भानु न.पा. का सम्पूर्ण वडाहरुलाई पूर्ण खोप युक्त घोषणा गर्ने र तत्पश्चात भानु नगरपालिकालाई पूर्ण खोप युक्त नगरपालिका प्रमाणिकरण गर्नका लागि जिल्ला समन्वय समितिको कार्यालय, दमौलीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५** भानु नगरपालिकामा रिक्त रहेको रोजगार संयोजक पदको पदपूर्तिको लागि रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ३ को दफा ६ बमोजिम तपसिल बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।साथै मिति २०८३/०१/३१ गते प्रकाशित रोजगार संयोजकको पदपूर्ति सम्बन्धी सूचना यसै निर्णय बमोजिम भएको व्यहोरा अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| संयोजक | - | श्री शिव रिजाल जिल्ला समन्वय अधिकारी, तनहुँ । |
| सदस्य | - | श्री शरण सिंङ गुरुङ रोजगार संयोजक बन्दिपुर गाउँपालिका, विषय विज्ञ । |
| सदस्य-सचिव | - | श्री सुरज श्रेष्ठ प्रमुख प्रशासकीय अधिकृत, भानु न.पा. । |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फस्टेटार, तनहुँ गण्डकी प्रदेश नेपाल

<u>निर्णय नं. ६</u> नेपाल सरकारको निर्णय बमोजिम जग्गा प्रशासन सम्बन्धी भूमि प्रशासन सेवा नगरपालिकाबाटै सञ्चालन हुने गरी प्रथम चरणमा भानु नगरपालिका छनौट भएकोमा यस नगरपालिकाले गौरवबोध गर्दछ। आम नागरिकलाई घरदैलोमै सुलभ र सहज सेवा प्रवाह गर्ने उद्देश्यका साथ उक्त सेवा सुचारु गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन र यन्त्र उपकरणको प्रबन्ध नगरपालिका स्वयंले गर्ने गरी देहाय बमोजिमका निर्णयहरू सर्वसम्मतिले पारित गरियोः

- **खरिद प्रक्रिया सम्बन्धमाः** भूमि प्रशासन सेवालाई यथाशीघ्र प्रभावकारी ढङ्गले सञ्चालन गर्न आवश्यक पर्ने यन्त्र, उपकरण तथा सामग्रीहरू सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम अधिकतम छिटो-छरितो, सरल र पारदर्शी विधि (सोझै खरिद लगायतका प्रक्रिया) अपनाई १५ दिन भित्र खरिद गर्ने र सेवा प्रवाहमा विलम्ब नहुने व्यवस्था मिलाउने निर्णय गरियो ।

- **भौतिक पूर्वाधार व्यवस्थापनः** सेवा सञ्चालनका लागि आवश्यक पर्ने भौतिक संरचना तथा पूर्वाधार निर्माणका निम्ति **नयाँ शहर आयोजना** सँग आवश्यक समन्वय गरी १५ दिन भित्र व्यवस्थापन गरिसक्ने निर्णय गरियो ।

- **जनशक्ति व्यवस्थापन तथा दरबन्दी स्वीकृतिः** सेवा सञ्चालनका लागि देहाय बमोजिमका प्राविधिक तथा प्रशासनिक जनशक्तिहरूको दरबन्दी सिर्जना गरी स्वीकृत गर्ने र यसलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो । साथै तत्काल कार्य सञ्चालन गर्नका लागि करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

| क्र.सं. | समूह/उपसमूह | पद / तह | संख्या | कार्य जिम्मेवारी |
|---|---|---|---|---|
| १. | प्रशासन | अधिकृत (सातौं/आठौं तह) | १ जना | विभागीय प्रमुख |
| २. | प्रशासन (कम्प्युटर) | सहायक (पाँचौं /चौथो १ तह) | २ जना | प्राविधिक सञ्चालन (भू-सेवा तथा कागजात परिक्षण फाँट) |
| ३. | प्रशासन | सहायक (पाँचौं /चौथो १ तह) | २ जना | प्रशासनिक कार्य (लिखत रजिष्ट्रेशन तथा जग्गा प्रशासन फाँट) |
| ४. | सर्भे/प्रशासन | सहायक (चौथो२ /अधिकृत छैटौं १ | ३ जना | नक्सा अध्यावधिकफाँट र तामेली फाँट |
| ५. | कार्यालय सहयोगी | | २ जना | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

- **जिम्मेवारी तोकिएको र अधिकार प्रत्यायोजनः** भूमि प्रशासनको कार्यलाई व्यवस्थित र मर्यादित बनाउन यस नगरपालिकाका **वरिष्ठ प्रशासकीय अधिकृत श्री सुनिल पाण्डे** लाई 'भूमि प्रशासन अधिकृत' तोकी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ बमोजिम अधिकार प्रत्यायोजन गर्ने र निज मातहतको कर्मचारीहरु र कामको अनुगमन, निरिक्षण, सुपेरिवेक्षण र अभिलेख व्यवस्थापन समेतको कानूनी दायित्व समेत वहन गर्ने गरी जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

- **प्रोत्साहन भत्ता सम्बन्धमाः** नियमित पदीय जिम्मेवारीको अतिरिक्त भूमि प्रशासन जस्तो चुनौतीपूर्ण, संवेदनशील र नयाँ जिम्मेवारी कुशलतापूर्वक वहन गर्नुपर्ने भएकोले प्रमुख प्रशासकीय अधिकृत, वरिष्ठ प्रशासकीय अधिकृत श्री सुनिल पाण्डे र थप जिम्मेवारी सहितका कर्मचारीहरुलाई निजले खाइपाइ आएको तलवको मासिक तलबको २०% **(बीस प्रतिशत)** बराबरको रकम 'मासिक प्रोत्साहन भत्ता' स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

<u>निर्णय नं. ७</u> भानु नगरपालिका क्षेत्र भित्र विभिन्न प्रकृतिका विपद्का कारण क्षति भएका व्यक्तिहरुबाट प्राप्त निवेदनहरु विपद् व्यवस्थापन समितिबाट छानविन गरी नगरकार्यपालिकामा सिफारिस गरिएका तपसिल बमोजिमका व्यक्ति/संस्थालाई निम्न बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| २०८३/०१/२९ सम्म विपत घटना घटि राहतका लागि परेका निवेदन, भएको क्षती र राहत रकमको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रं.सं. | ठेगाना (वडा नं) | निवेदकको नाम | विपद्को प्रकृति | विषय (छोटकरीमा ) | अन्तिम निर्णय (सारांस ) | | कैफियत |
| | | | | | जिन्सी | नगद | |
| १ | १ | कल्पना परियार | वर्षा र हावाहुरी | घरको गारो र जस्तामा समेत क्षती | | १९,००० | |
| २ | १ | चन्द्री कुमारी कामी | चटयाङ | विघुतिय मिटर पुरण रुपमा नष्ट | | ५,००० | |
| | | | | | | | |
| ३ | २ | विरे कुमाल | हावाहुरि सहितको असिना पानि | २०८२-१२-१७ गतेको हावाहुरि सहितको असिना पानिले घरको टिनको छाना क्षतविक्षत गराई बसोबास गर्न नमिल्ने | | १२,००० | |
| ४ | २ | छेनुर्पु तामाङ | हावाहुरि सहितको असिना पानि | निजको तरकारी र फलफुल खेती नष्ट | | २५,००० | |
| ५ | २ | कल्पना वि.क | हावाहुरि सहितको असिना पानि | २०८२-१२-१७ गतेको हावाहुरि सहितको असिना पानिले घरको टिनको छाना क्षतविक्षत गराई बसोबास गर्न नमिल्ने | | १५,००० | |
| ६ | २ | जौमाया वि.क | हावाहुरि सहितको असिना पानि | २०८२-१२-१७ गतेको हावाहुरि सहितको असिना पानिले घरको टिनको छाना क्षतविक्षत गराई बसोबास गर्न नमिल्ने | | १०,००० | |
| ७ | २ | कृष्ण बहादुर भूजेल | हावाहुरि सहितको असिना पानि | २०८३-०१-०६ गतेको हावाहुरि सहितको असिना पानिले घरको टिनको छाना क्षतविक्षत गराई बसोबास गर्न नमिल्ने | | २४,००० | |

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुङ्लेटार, तनहुँ,
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ३ | विष्णु परियार | अन्य | घर निकै पुरानो भएको र जिर्ण भएर मानविय क्षति पुग्न सक्ने | | २५,००० | |
| ९ | ३ | धरादी सहयोगी उपकार आमा समुह | हावाहुरी | रुख ढल्न गई भवनमा क्षति र रुख समेत हटाउन आवश्यक रहेको | | ३०,००० | |
| १० | ३ | सुजता मानन्धर | पहिरो | पहिरोले घर उच्च जोखिममा | | ३०,००० | |
| ११ | ३ | गोमा लामा तामाङ | वर्षा | घर वरपर पहिरो गई घरनै पुर्ण रुपमा नष्ट हुने डर रहेको | | ३०,००० | |
| १२ | ४ | कान्छा लामा तामाङ | आगोलागी | २०८२-११-०७ गते कुडो पकाउने क्रममा अचानक आगोलागी भई धन्सार गोठ जलि नष्ट भएको साथै ब्याउने भैंसीको समेत मृत्यु भएको | | ३०,००० | |
| १३ | ४ | शंखर रानाभाट | हावाहुरि सहितको असिना पानि | ७ रोपनिमा लगाएको गहुँ बाली तथा काक्रो खेती नष्ट | | २५,००० | |
| १४ | ४ | याम बहादुर लौडारी | हावाहुरि सहितको असिना पानि | ३ रोपनिमा लगाएको गहुँ बाली नष्ट | | ७,५०० | |
| १५ | ४ | माधव लौडारी | हावाहुरि सहितको असिना पानि | ४ रोपनिमा लगाएको गहुँ बाली, आपँ खेती लगाएत नस्पती खेती नष्ट | | २०,००० | |
| १६ | ४ | सन्तोष कुमाल | अन्य | न्याउरी मुसाले करीव २५० बोईलर कुखुरा मारेको | | २०,००० | |
| १७ | ५ | ईन्द्र माय तमाङ | चटयाङ | विद्युतिय मिटर र घरको सबै वाइरिङ नष्ट | | २०,००० | |
| १८ | ६ | लिला माया थापा क्षेत्री | वर्षा | आगन पहिरिएको | | १०,००० | |
| १९ | ७ | बलराम भुजेल घर्ती | डढेलो | करिव २५० मिटरको खाने पानि पाईप जलेको | | १२,००० | |
| २० | ७ | रफिक मिया | हावाहुरी | रुख ढलेको | | ३०,००० | |
| २१ | ९ | पुर्णिमा सुयल | वर्षा | धन्सार पुर्ण रुपमा क्षती | | २०,००० | |
| २२ | १० | विष्णु बहादुर पुलामी | वर्षा सहितको हावाहुरी | घर पुर्ण रुपमा क्षती | | ३०,००० | |
| २३ | १० | सुर्य कुमार श्रेष्ठ | आगोलागी | घर पुर्ण रुपमा क्षती | | ३०,००० | |
| २४ | १० | सुर्जा अधिकारी | हावाहुरी | घरको जस्ता उडाएको | | २०,००० | |
| २५ | १० | नेवा गुठी | बाढी पहिरो | पर्खाल पहिरो गएको | | ३०,००० | |
| २७ | १२ | कालिका मन्दिर | वर्षा | ढुङ्गाको गारो भत्किएको | | ३०,००० | |
| २८ | १३ | अमरजित कार्की | वर्षा सहितको हावाहुरी | शौचालयमा क्षती | | २०,००० | |
| २९ | १३ | शंकर अधिकारी | वर्षा,हावाहुरि र चटयाङ | जनजागृती प्रा.वि. को छाना उडाएर आएको जस्तापाताले मौरी घार थान ३ र भान्सा कोठा क्षती भएको | | २५,००० | |
| ३० | १३ | ज्ञानी सार्की | वर्षा,हावाहुरि र चटयाङ | एउटा बाख्रा मरेको र विद्युतिय मिटर पुर्ण रुपमा नष्ट | | १५,००० | |
| | | | | | | ६१९,५०० | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

**निर्णय नं. ८** भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पशुपंक्षी तथा मत्स्य विकास शाखाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको दुधमा अनुदान कार्यक्रम (प्रति लिटर पाँच रुपैयाँ) संचालन गरि सहकारीहरुलाई अनुदान प्रदान गर्नका लागि आवश्यक पर्ने **"दुधमा अनुदान कार्यक्रम संचालन कार्यविधि -२०८३"** आर्थिक विकास समितिको मिति २०८३/०१/३१ गतेको दिन बसेको वैठक वाट गरिएको सिफारिस गरेको उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** कृषि क्षेत्रसंग आवद्ध निकायहरूको संलग्नता र सहभागितामा सुचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजिकरण गर्ने उद्धेश्यको साथै सिमित कृषि प्राविधिकको कार्यक्षमता वृद्धि गरी बढी भन्दा बढी सेवा प्रवाह तथा कृषकको माग सम्बोधन मार्फत समग्र कृषिको बिकास गर्नको लागि र यस नगरपालिकाको कृषि नीतिमा उल्लेखित कृषि उद्धमी, समुह, सहकारी तथा अन्य सरोकारवाला संलग्न कृषि संजाल मार्फत कृषि सूचना प्रवाह तथा प्रबिधि प्रचार प्रसार गर्ने र एक द्वार प्रणाली अनुसार कार्यक्रम संचालन गर्ने नीति कार्यन्वयन गर्न वान्छनीय भएकोले **कृषि संजाल कार्यन्वयन कार्यविधि, २०८३** आर्थिक विकास समितिको मिति २०८३/०१/३१ गतेको दिन बसेको वैठकवाट सिफारिस गरिएको कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पशुपंक्षी तथा मत्स्य विकास शाखा को आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको दुधमा अनुदान कार्यक्रम (प्रति लिटर पाँच रुपैयाँ) संचालनका लागि मिति २०८३/०१/०६ गतेको आर्थिक विकास समितिको निर्णय र **"दूधमा अनुदान कार्यक्रम संचालन कार्यविधि -२०८३"** बमोजिम छनौट भएको सहकारी र समुहलाई तपशिल रुपमा दुधमा अनुदान प्रदान गर्नाको लागि स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | सहकारि/समुहको नाम | ठेगाना | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रगति दुध उत्पादक सहकारि संस्था ली. | भानु नगरपालिका वडा नं. ८ बगालेफाट | सहकारिले संकलन गरि बिक्रि गरेको दूधको साउन १ गते देखी पुस मसान्त सम्मको प्रति लिटर २ रुपैया. र माध १ गते देखी असार मसान्त सम्म प्रति लिटर ५ रुपैयाको दरले | साउन १ गते देखी पुस मसान्त सम्मको प्रति लिटर ३ रुपैयाका दरले भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयले अनुदान प्रदान गरेको |
| २ | श्री कालिका दुध उत्पादक सहकारि संस्था ली. | भानु नगरपालिका वडा नं. ९ | सहकारिले संकलन गरि बिक्रि गरेको दूधको प्रति लिटर ५ रुपैयाको दरले | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुलेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | अर्चलधारा | | |
| ३ | श्री रुपाकोट मिलिजुलि दुध उत्पादक कृषक समुह | भानु नगरपालिका वडा नं. ११ रुपाकोट | सहकारिले संकलन गरि बिक्रि गरेको दूधको प्रति लिटर ५ रुपैयाको दरले | |

<u>निर्णय नं. ११</u> विविध विषयको सम्बन्धमाः

क) भानु नगरपालिका वडा नं. ११ को आ.व. २०८२/०८३ को बजेटमा अध्ययन अवलोकन भ्रमण शीर्षकमा विनियोजन भएको रकम रु. १,५०,०००। (अक्षेरुपी एक लाख पचास हजार मात्र) लाई ढाँडफेदी ब्याडमिन्टन कोर्ट निर्माण तथा व्यवस्थापनमा रकमान्तर गर्ने निर्णय गरियो ।

ख) भानु नगरपालिका वडा नं. ९ को आ.व. २०८२/०८३ को बजेटमा रहेको चापे खोला गोरेटो बाटो शीर्षकलाई चाँपे खोला कल्लेरी मोटर मार्ग शीर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

ग) भानु नगरपालिका वडा नं. १ को आ.व. २०८२/०८३ को बजेटमा भन्सार नेवारी ट्रस निर्माण शीर्षक भएको रु.२,००,०००। (अक्षेरुपी दुई लाख मात्र) बजेट विपद् व्यवस्थापन शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

घ) भानु नगरपालिकाको वडा नं. ३ को पक्की स्वस्थ्य चौकीको सानो भवनको बाहिरी भागको रङ्गरोकन ठूलो पक्की स्वस्थ्य चौकोको रङ्ग रोकन सँग एकरुपता हुने गरी उक्त सानो भवनको रङ्गरोकनको खर्च विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ङ) भानु नगरपालिकाको ईक्वुपमेन्ट सञ्चालन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद ६ (३) बमोजिमको अनुसूची १ बमोजिमको रकमलाई संशोधन गरी ईन्धन सहितको लागि रु.२८०० र ईन्धन बाहेक रु.१५०० रकम राखी उक्त कार्यविधि संशोधन गर्ने निर्णय गरियो ।

च) भानु नगरपालिका वडा नं.१२ स्थित अर्चले कृषक समूहले मागमा आधारित कार्यक्रम अन्तर्गत मौरी पालन गर्ने भएकोले आर्थिक विकास समितिबाट रु. ६०,०००।-(अक्षेरुपी साठी हजार) विनियोजन भएको र कार्यक्रमको लागि उल्लेखित रकम पर्याप्त नभएको हुँदा रु. १,३०,०००।- (अक्षेरुपी एक लाख नब्बे हजार मात्र) मागमा आधारित कार्यक्रमबाट कार्यक्रम सम्पन्न पश्चात भुक्तानी दिने निर्णय गरियो ।

छ) भानु नगरपालिका भित्रका तपसिल बमोजिममा रहेका वडाहरुमा विभिन्न प्रकृतीका रुखहरु कटान गरी हटाउनका लागि डिभिजन वन कार्यालयसँग समन्वय तथा आवश्यक प्रकृया अविलम्ब अगाडी बढाउने निर्णय गरियो ।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

तपसिलः

| सि.नं. | वडा नं. | रुखको प्रकृती | कैफियत |
|---|---|---|---|
| १. | ३ | मर्स्याङ्दी वन उपभोक्ता समितिको १ वटा ठूलो सालको रुख कटान गर्नुपर्ने । | |
| २. | ३ | मिनेश्वरी वन उपभोक्ता समितिको १ वटा आँप र १ सानो सालको रुख कटान गर्नुपर्ने । | |
| ३. | ३ | कालिका वन उपभोक्ता समितिको ७ वटा साना सालका रुख कटान गर्नुपर्ने । | |
| ४. | ६ | ढकालकुना स्थित बगैंचाको २ वटा आँप रुख र फेदिखोलामा रहेको चाँपको रुख कटान गर्नुपर्ने | |

ज) भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | विभिन्न संघसंस्थाबाट भानु न.पा. लाई हस्तान्तरण गरिएको शैक्षिक सामग्री (कपी पुस्तक) भानु न.पा. १२ नम्बर वडामा पुऱ्याएको गाडी भाडा | १०,००० | सवारी साधन तथा मेसिनरी औजार भाडा | |
| २. | भानु नगरपालिका वडा नं. ८ राना गाउँका कृषकहरुको लागि तोरी खेती गर्न पाइप खरिद गरिएको । | ३०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| ३. | भानु वडा नं. ८ निवासी बल बहादुर रिमालको बाख्राको खोर जिर्ण भएकोले बाख्राको खोर निर्माणको लागि । | १०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| ४. | वडा नं.१२ निवासी रन बहादुर दमाई लाई प्यारालाइसिस रोल लागेकोले उपचारको लागि आर्थिक सहायता | १०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| ५. | वडा नं.१२ निवासी प्रेम बहादुर बि.क.को लागि शौचालय निर्माणमा आर्थिक सहायता | २०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| ६. | वडा नं.१२ निवासी भ्यागे दमैको छोरी कल्पना परियारको घरमा शौचालय निर्माणमा आर्थिक सहायता | २०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| ७. | भानु वडा नं. ६ स्थित राष्ट्रिय अमरसिंह थापा प्रतिष्ठानको वार्षिक साधारण सभा तथा अधिवेशनमा उपस्थित केन्द्रिय अथितिको खाना खाजा खर्च | ३०,००० | संघसंस्था सहयोग कार्यक्रम | |
| ८. | वडा नं. १२ स्थित कालिका टोलमा निर्माण भएको पोखरी भदौरे देउराली खोला खानेपानी पूर्ण रुपमा सम्पन्न भएको र स खा.पा.को लागिकर्लाङ्क बाट अन.अफ.को व्यवस्था मिलाउने | ५०,००० | विपद व्यवस्थापन | |
| ९. | वडा नं. ३ कल्पना तामाङको मुटुको रोग उपचार सहायता | २५,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| १०. | मगर स्थापना दिवश मनाउनको लागि मगर संघ तनहुँलाई सहायता | १,००,००० | संघसंस्था सहयोग कार्यक्रम | |
| ११. | वडा नं. १० निवासी हवि मियालाई पायल्स रोगको उपचारको लागि आर्थिक सहायता | १५,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १२. | वडा नं. ८ को लगनशील महिला विकास केन्द्रको लागि कूर्ची र टेवल खरिदको लागि आर्थिक सहयोग | ३०,००० | संघसंस्था सहयोग कार्यक्रम | |
| १३. | वडा नं. २ निवासी जौ माँया बि.क. अविरल वर्षाको कारणले घरमा क्षति पुर्याएको हुदाँ टिन खरिदको लागि सहयोग । | १०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |
| १४. | सुवाष गुरुङको लडेर हातमा चोट लागेको र निजको आर्थीकि अवस्था कमजोर भएको हुदाँ उपचार खर्च । | २०,००० | अन्य सामाजिक सुरक्षा एवं आर्थिक सहायता | |

झ) भानु नगरपालिका वडा नं. ८ को आ.व. २०८२/८३ को बजेटमा मुक्तेश्वर महादेव मन्दिर मर्मत शीर्षकमा रु.२,००,०००। (अक्षेरुपी दूई लाख मात्र) विनियोजित भएकोमा उक्त शीर्षकलाई मुक्तेश्वर महादेव मन्दिर गोरेटो मार्गको पुल निर्माणमा शीर्षकमा संशोधन गर्ने निर्णय गरियो ।

ञ) नेपाल सरकारको निर्णय बमोजिम भूमि प्रशासन सेवा नगरपालिकाबाटै सञ्चालन हुने गरी प्रथम चरणमा भानु नगरपालिका छनौट भएकोमा यही जेठ महिना भित्र सेवा प्रवाह गर्ने गरी प्रशासनिक र व्यवस्थापकीय कार्य भैरहेको सन्दर्भमा उक्त सेवा प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रयोजनार्थः भूमि व्यवस्था शाखाको लागि मोटर साइकल १ थान खरिदको नियमानुसार आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

ट) नेपाल सरकारको निर्णय बमोजिम भानु नगरपालिका कार्यालय भित्रैबाट भूमि प्रशासन (मालपोत तथा नापी) सम्बन्धी सेवा प्रवाह गर्नका लागि आवश्यक प्रशासनिक तथा व्यवस्थापकीय तयारीका कार्यहरू द्रुत गतिमा अगाडि बढिरहेको छ।

उक्त सेवा व्यवस्थित, प्रभावकारी र सेवाग्राहीमैत्री ढंगले सञ्चालन गर्नका लागि हाल उपलब्ध कार्यालय भवनको भौतिक अवस्था दुरुस्त हुनुपर्ने र दैनिक रूपमा सेवा लिन आउने सर्वसाधारण नागरिकहरूको चापलाई मध्यनजर गर्दै उनीहरूको सहजताका लागि उचित भौतिक पूर्वाधार हुनु आवश्यक देखिएको छ। विशेष गरी ज्येष्ठ नागरिक, अशक्त तथा दूरदराजबाट आउने सेवाग्राहीहरूलाई घामपानीबाट जोगाई आरामदायी रूपमा पालो पर्खन सक्ने वातावरण सृजना गर्न एक **सेवाग्राही विश्राम शेड (Waiting Shade)** निर्माण गर्नुपर्ने र तोकिएको कार्यालय भवनको आन्तरिक तथा बाह्य **भवन मर्मत (Renovation & Maintenance)** कार्य तत्काल अगाडि बढाउनु पर्ने अपरिहार्य आवश्यकता देखिएकाले नगर कार्यपालिका/प्रशासनिक स्तरबाट निम्न बमोजिम निर्णय गरियो ।

**भवन मर्मत तथा सुदृढीकरण सम्बन्धमाः**

भूमि प्रशासन सेवा प्रवाहका लागि छनोट गरिएको भवनलाई प्रविधिमैत्री, सुरक्षित र कार्यसम्पादन योग्य बनाउन तत्काल आवश्यक आन्तरिक विभाजन (Partition), रंगरोगन, विद्युतीकरण, इन्टरनेट नेटवर्किङ व्यवस्थापन लगायतका मर्मत सम्भार कार्य नगरपालिकाको प्राविधिक शाखाबाट लागत इष्टिमेट (Cost Estimate) तयार गरी तत्काल अगाडि बढाउने निर्णय गरियो।

**सेवाग्राही विश्राम शेड (Waiting Shade) निर्माण सम्बन्धमाः**



सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

कार्यालय परिसरभित्र सेवा लिन आउने सेवाग्राहीहरूको सुविधा र सहजताका लागि खानेपानी, बस्ने कुर्सी/बेन्च सहितको सुविधायुक्त, अपाङ्गमैत्री तथा वातावरण अनुकूलित "सेवाग्राही विश्राम शेड" (Waiting Shade) निर्माण कार्य चालु आर्थिक वर्षको विनियोजित बजेटको स्वास्थ्यसंस्था मर्मत/रंग शीर्षकबाट तत्काल निर्माण प्रक्रिया सुरु गर्ने निर्णय गरियो।

**प्राविधिक लागत इष्टिमेट र कार्यान्वयनः**

माथि उल्लिखित भवन मर्मत तथा विश्राम शेड निर्माण कार्यको विस्तृत प्राविधिक डिजाइन र लागत इष्टिमेट चालु हप्ताभित्रै तयार गर्न नगरपालिकाका इन्जिनियर/प्राविधिक शाखालाई जिम्मेवारी दिने र स्वीकृत लागत इष्टिमेटका आधारमा नियमानुसार खरिद सोझै खरिद प्रक्रिया मार्फत कार्य सम्पन्न गराउन आर्थिक तथा प्रशासनिक स्वीकृतिका लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ठ) भानु नगरपालिका, तनहुँ र रोङगाउँपालिका ईलाम बिच धार्मिक, सामाजिक, सांस्कृतिक पर्यटन, कृषि, शिक्षा क्षेत्रमा भएका असल अभ्यासहरु आदान प्रदान गर्न रोङ गाउँपालिकाको अध्यक्षसहित जनप्रतिनिधि र कर्मचारीहरुलाई यस नगरपालिकामा भ्रमणको लागि आमन्त्रण गर्ने र दुई पालिका बिच कृषि, पर्यटन, शिक्षा लगायतका क्षेत्रमा आपसी सहयोग आदान प्रदान गर्न रोङ गाउँपालिका सँग गरिने समझदारीपत्रमा हस्ताक्षर गर्न यस नगरपालिकाको तर्फबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ बमोजिम नगर प्रमुख श्री आनन्द राज त्रिपाठीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

सुरज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख